**श्री**

# नवलपुर जिल्ला अदालत

**ईजलास**

**माननीय जिल्ला न्यायाधीश श्री यज्ञप्रसाद आचार्य**

**फैसला**

**सम्वत २०७५ सालको मुद्दा नंः- ०७५-CP-०४१८**

**रजिष्ट्रेश न. - ९५-०७५-००६२८**

**निर्णय नम्बरः ६०**

**मुद्दा :- अंश**

**मुद्दा दायर मितिः २०७५/११/१२**

**वादीको नाम, थर र वतन**

जिल्ला बाग्लुङ जैमिनी न.पा. वडा नं. ९ लामुखरे घर भई हाल जिल्ला नवलपरासी(व.सु.पु.) कावासोती न.पा. वडा नं. ४ हसौरा बस्ने गंगा बहादुर थापाको छोरी बर्ष ३० की सिमा थापा-------------------------१

ऐ.ऐ. बस्ने ऐ. को छोरी बर्ष २१ की ज्योती थापा----------------------------------------१

**प्रतिवादीको नाम, थर र वतन**

जिल्ला बाग्लुङ जैमिनी न.पा. वडा नं. ९ लामुखरे बस्ने कवि राम थापाको श्रीमती बर्ष ७८ की नन्नाकली थापा -----------------१

ऐ.ऐ. बस्ने ऐ.कोछोरी अं. बर्ष २२ की रुपा थापा--------------------------------------१

ऐ.ऐ. बस्ने कवि रामको छोरा अं. बर्ष ३१ को मोहन थापा----------------------------१

ऐ.ऐ. बस्ने ऐ.को छोरा अं. बर्ष २५ को कृष्ण थापा-------------------------------------१

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२३ बमोजिम बुझिएका जिल्ला बाग्लुङ जैमिनि न.पा. वडा नं. ९ बस्ने कविराम थापाको छोरी माधवी थापा-----------------१

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२३ बमोजिम बुझिएका जिल्ला बाग्लुङ जैमिनि न.पा. वडा नं. ९ लाहुर चोक बस्ने गंगा बहादुर थापाको छोरी कमला थापा----१

ऐ.को प्रमाण
साक्षीः
कागजः

ऐ.को प्रमाण
साक्षीः
कागजः

**अदालतबाट बुझेको प्रमाण**

**साक्षी :**

**कागज :**

**प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०७३ को दफा ७(१) तथा मुलुकी देवानी कार्यबिधी संहिता, २०७४ को दफा १८ बमोजिम यस अदालतको अधिकारक्षेत्र भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छः-**

**तथ्यखण्ड**

१) **फिरादपत्रको व्यहोराः** मुलपुरुष हजुरबुवा कवि राम र हजुरआमा नन्नाकली थापाबाट ३ छोराहरु गंगा बहादुर थापा, मोहन थापा र कृष्ण थापा तथा ५ छोरीहरुको जायजन्म भएकोमा रुपा थापा बाहेक अरु सबै छोरीहरुको विवाहदान भैसकेको छ। हजुरबुवा कवि राम, पिता गंगा बहादुर थापा र आमा चन्द्रा थापाको मृत्यू भैसकेको छ। स्व. पिता गंगाबहादुर थापाको अंश भाग खाने २ छोरीहरु हामी वादीहरु सिमा थापा र ज्योती थापा मात्र हौं। हामी मुल ५ अंशियारा भएकोमा अंशियारहरुबीच रितपूर्वक अंशवण्डा भएको छैन। विपक्षीहरुले हामी वादीहरुको विवाह भैसकेको भनी झुठ्ठा व्यहोरा उल्लेख गरी सिफारिस बनाई स्व. गंगाबहादुर थापाको अंश हक खाने हामी २ छोरीहरु हुँदा हुँदै जालसाजी गरी पिता गंगाबहादुर थापाको नामको जग्गा दा.खा. नामसारी गरेको थाहा पाई विपक्षीहरुलाई हाम्रो पिताको अंश हक हामीलाई फिर्ता गरिदिनुहोस भन्दा विपक्षीहरुले इन्कार गरी अन्यायपूर्ण व्यवहार गरेको, अंश दिन इन्कार गरेको र घरबाट समेत निकाला गरेको हुँदा विपक्षीको जिम्मामा रहेको सम्पूर्ण सम्पत्तिलाई ५ भाग लगाई ४ भाग पर सारी हाम्रा पिताको १ भाग हामी फिरादीको नाममा हुने गरी अंश छुट्याई पाउँ भन्ने समेत व्यहोराको फिराद दावी।

२) **प्रतिउत्तर जिकिरः** वादीले उल्लेख गरेको अंशियारा व्यहोरा सत्य होइन। मुल पुरुष कवि राम र नन्नाकली थापाबाट ३ छोरा र ५ छोरीहरुको विवाह भएकोमा २ छोरीहरु रुपा थापा र माधवी थापाको विवाह हुन बाँकी रहेको छ। हामी प्रतिवादीहरु समेत गरी जम्मा ६ जना मुख्य अंशियारा रहेका छौं। विपक्षी वादीहरुको आमा चन्द्रकला थापा नभई गंगा बहादुर थापाको दोस्रो श्रीमती गौरी थापा हो। विपक्षीहरुको आमा बुवाको मृत्यू पछि विपक्षीहरुलाई खोजी गर्न भारतको कलकत्ता भन्ने स्थानमा जाँदा विपक्षी सिमाले मैले यही विवाह गरी बसेकी छु। मैले बहिनीलाई यतै पालताल गर्छु, नेपाल आउँदिन भनी भनेकोले म नन्नाकली थापाले सिफारिस बनाई छोरा गंगाबहादुरको नामको जग्गा नामसारी गरेको हुँ। विपक्षीहरुले विवाह

नगरेको भएमा मसँग आई आफूले पाउने अंश मागेको भएमा निजहरुले कानून बमोजिम पाउने अंश दिन मलाई कुनै आपत्ति छैन। घर व्यवहार एवं जग्गा किन्नका लागि पैतालिस लाख रुपैयाँ बुझाउन बाँकी रहेकोले साहुको ऋण तिरी बाँकी रहेको सम्पत्तिबाट छोरा छोरीको विवाह गर्च समेत परसारी बाँकी सम्पत्तिलाई ६ भाग लगाई सो मध्येबाट १ भाग मात्र विपक्षीका बाबुका भागमा पर्न जाने हो। हामी वादी प्रतिवादीहरु समेत बाग्लुङ जिल्लामा नै बसेको अवस्थामा विपक्षीले हामीहरु उपर यस अदालतमा पेश गरेको फिरादपत्र क्षेत्राधिकार बाहिर हुँदा प्रस्तुत मुद्दा खारेज गरिपाउँ भन्ने समेत व्यहोराको संयुक्त प्रतिउत्तर जिकिर।

३) **बुझिएका अंशियारा तथा प्रमाणहरुः**

- यसमा प्रतिउत्तरको व्यहोरामा उल्लेख भएको माधवी थापाको वतन वादीबाट खुलाउन लगाई खुल्न आएको वतनमा ७ दिने म्याद जारी गरी उपस्थित हुन आए मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२३ बमोजिम बयानका लागि इजलाससमक्ष पेश गर्नू भन्ने मिति २०७६/०५/१९ को यस अदालतको आदेश।
- मेरो घर परिवारमा म समेत गरी जम्मा ६ जना मुख्य अंशियारा रहेका छौं। आमा नन्नाकली थापा र स्व. पिता कविराम थापाको म र दिदी रुपा थापा गरी २ जना अविवाहित छोरी रहेका छौं।मैले मुल ६ भागको १ भाग अंश पाउनुपर्ने हो भन्ने समेत व्यहोराको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२३ बमोजिम बुझिएकी माधवी थापाले अदालत समक्ष गरेको बयान कागज।
- यसमा वादी प्रतिवादी र बुझिएका व्यक्तिहरुबिच को को अंशियारा रहेका छन् सो सम्बन्धमा वादी प्रतिवादी र बुझिएको माधवी थापालाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७१ बमोजिम कागज गराई खुलाउन लगाई खुली आएको अंशियारा जो प्रस्तुत मुद्दामा पक्ष विपक्षी कायम भएका छैनन् निजहरुलाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२३ बमोजिम म्याद जारी गरी अंशियारालाई बुझी लगाउको मुद्दा साथै राखी नियमानुसार पेश गर्नू भन्ने मिति २०७६/०८/०२ को यस अदालतको आदेश।
- मुख्य अंशियारा ६ जना रहेको र मुख्य अंशियारा मध्ये स्व. गंगाबहादुर थापाको अंश खानेमा वादीहरु सिमा थापा र ज्योती थापा हुन् भन्ने समेत व्यहोराको वादीले मिति २०७६/०८/१७ मा गरिदिएको अंशियारा संरचना सम्बन्धी कागज।
- मुख्य अंशियारा ६ जना रहेको र मुख्य अंशियारा मध्ये स्व. गंगाबहादुर थापाको अंश खानेमा वादीहरु सिमा थापा र ज्योती थापा तथा कमला थापा हुन् भन्ने समेत व्यहोराको प्रतिवादीहरुले मिति २०७६/०८/१७ गते गरिदिएको अंशियार संरचना सम्बन्धी कागज मिसिल सामेल रहेको।
- मुख्य अंशियारहरुमा हजुरआमा नन्नाकली थापा, मेरो स्व. बुवा गंगाबहादुर थापा, काकाहरु

मोहन थापा तथा कृष्ण थापा र अविवाहित फूपुहरु रुपा थापा तथा माधवी थापा गरी जम्मा ५ रहेका छन्। मेरो बुवा गंगाबहादुरको अंश खाने अंशियारहरुमा मेरो बुवा गंगाबहादुरको जेठी श्रीमती मेरी आमा चन्द्रकला थापा तर्फको म अविवाहित छोरी कमला थापा र मेरो बुवाको कान्छी श्रीमती गौरी थापातर्फका छोरीहरु सिमा थापा तथा ज्योती थापा हुन्। मेरो बुवा गंगाबहादुर र कान्छी आमा गौरी थापाको मृत्यू भैसकेको छ भने मेरो आमा चन्द्रकलाले दोस्रो विवाह गरी जानु भएको छ। मेरो बुवाको अंश खानेमा हाल हामी ३ जना सहायक अंशियाराहरु रहेका छौं। मैले कुल सम्पत्तिको ६ भागको १ भागबाट ३ भाग लगाई सोको १ भाग अंश पाउनुपर्ने हो भन्ने समेत व्यहोराको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२३ बमोजिम बुझिएकी कमला थापाले अदालतसमक्ष गरेको बयान कागज।

- यसमा वादी प्रतिवादी तथा बुझिएका अंशियाराहरुलाई आ-आफ्नो नाममा रहेको अंश फाटवारी पेस गर्न लगाई नपुग कोर्टफि वादीबाटै दाखिल गराई नियमानूसार गर्नु भन्ने यस अदालतको मिति २०७६।१०।०७ को आदेश।
- हामी प्रतिवादी रुपा थापा, मोहन थापा, कृष्ण थापा, माधवि थापा र म प्रतिवादी कमला थापाका नाउँमा वण्डा गर्नुपर्ने कुनै सम्पत्ती नरहेको तथा प्रतिवादी नन्नाकलि थापाको नाउँमा कि.नं. २७६, ३२८, ३५८, ८९०, ८९४, ८९८, ९४७ र ६१६ का कित्ताहरु समेत जम्मा रु.६,३४,०००।– बराबरको जग्गा र रु. २८,००,०००।– रुपैयाँ ऋण देखाई प्रतिवादीहरुले मिति २०७६/११/०४ मा पेश गरेको तायदाती फाँटवारी।
- आफूहरुको नाउँमा कुनै पनि सम्पत्ति नरहेको भनी मिति २०७६/११/०४ मा वादीले पेश गरेको तायदाती फाँटवारी।

## अदालतबाट ठहर

४) नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादीहरुको तर्फका उपस्थित विद्वान अधिवक्ता श्री चेतप्रसाद शर्माले गंगाबहादुर थापाको अंशहक खाने छोरीहरु सीमा थापा र ज्योति थापा रहेको र निजहरुको पिता गंगाबहादुर थापाले मुल अंशियारबाट अंश नलिएको हुँदा वादीहरुले विवाह गरेको भनी अप्रमाणित जीकिर लिई अविवाहित व्यक्तिलाई अंशहकबाट बञ्चित गर्न मिल्ने होईन वादीको फिराद मागदावी अनुसार गरी पाउँ भनी गर्नु भएको बहस र प्रतिवादीहरुको तर्फबाट विद्वान अधिवक्ता श्री चेतनारायण भुसालले यी वादीका बाबु गंगाबहादुर थापाको मृत्यु पश्चात वादीहरु नेपालमा आई बसोबास नगरेका र भारतमा गई खोजविन गर्दा हाम्रो यतै विवाह भयो भनी भने पछि गंगाबहादुरको नाउँको जग्गा कित्ता आमा नन्नाकली थापाले कानून अनुसार नै दाखिल खारेज नामासारी गरी ल्याएको हो वादीको फिराद माग अनुसार अंशबण्डा गर्नुपर्ने होईन भनी गर्नु भएको बहससमेत सुनियो।

५) अव उपर्युक्त बहस जीकिर र मिसिल संलग्न वादीको फिराद माग दावी र प्रतिवादीहरुको प्रतिउत्तर जीकिर समेतका कागजातहरु अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा निम्न प्रश्नहरुमा सम्बन्धित रही निर्णय दिनुपर्ने देखियो।

क) यी वादी प्रतिवादीहरु बीच चलेको अंश मुद्दाको फिरादमा निर्णय गर्ने क्षेत्राधिकार यस अदालतमा रहेको छ, छैन् ?

ख) प्रतिवादीहरुले प्रतिउत्तरमा जीकिर गरेजस्तो वादीहरु विवाहित अवस्थाका हुन होइनन् र फिराद मागबमोजिम प्रतिवादीहरुबाट वादीहरुलाई अंश छुट्टाई भराई दिनु पर्ने हो, होईन?

६) अब निर्णयतर्फ विचार गर्दा, वादीहरु सिमा थापा र ज्योती थापाले आफ्नो बाबु स्व. गंगाबहादुर थापाले प्रतिवादीहरु नन्नाकली थापा समेतसँग अंश नै नलिई उहाँको मृत्यु भएको हुँदा स्व. गंगाबहादुर थापाको अंश भाग खाने हामी वादीहरुलाई प्रतिवादीहरुले हामीहरुको विवाह भैसेको भनी सिफारिस बनाई स्व. गंगाबहादुर थापाको नाउँको जग्गा समेत प्रतिवादीहरुले आफ्नो नाउँमा दाखिल खारेज नामसारी गरी हामीलाई अंशहकबाट बञ्चित बनाएको हुँदा मुलपुरुष हजुरबुवा कविराम र हजुरआमा नन्नाकली थापाबाट ३ छोराहरु गंगा बहादुर थापा, मोहन थापा र कृष्ण थापा तथा ५ छोरीहरुको जायजन्म भएकोमा रुपा थापा बाहेक अरु सबै छोरीहरुको विवाहदान भैसकेको छ। हजुरबुवा कविराम, पिता गंगा बहादुर थापा र आमा चन्द्रा थापाको मृत्यू भैसकेको छ। स्व.पिता गंगाबहादुर थापाको अंश भाग खाने २ छोरीहरु हामी वादीहरु सिमा थापा र ज्योती थापा मात्र हौं। हामी मुल ५ अंशियारा भएकोमा अंशियारहरुबीच रितपूर्वक अंशवण्डा भएको छैन। विपक्षीको जिम्मामा रहेको सम्पूर्ण सम्पत्तिलाई ५ भाग लगाई ४ भाग पर सारी हाम्रा पिताको १ भाग हामी वादीको नाममा हुने गरी अंश छुट्याई पाउँ भन्ने वादीको फिराद दावी रहेको देखियो।

७) मुल पुरुष कविराम र नन्नाकली थापाबाट ३ छोरा र ५ छोरीहरु भएकोमा २ छोरीहरु रुपा थापा र माधवी थापाको विवाह हुन बाँकी रहेको छ। हामी प्रतिवादीहरु समेत गरी जम्मा ६ जना मुख्य अंशियारा रहेका छौं। विपक्षी वादीहरुको आमा चन्द्रकला थापा नभई गंगा बहादुर थापाको दोस्रो श्रीमती गौरी थापा हो। विपक्षीहरुले विवाह नगरेको भएमा मसँग आई आफूले पाउने अंश मागेको भएमा निजहरुले कानून बमोजिम पाउने अंश दिन मलाई कुनै आपत्ति छैन।ऋण र छोरीहरुको विवाह खर्च परसारी बाँकी सम्पत्तिलाई ६ भाग लगाई सो मध्येबाट १ भाग मात्र विपक्षीका बाबुका भागमा पर्न जाने हो। हामी वादी प्रतिवादीहरु समेत बाग्लुङ जिल्लामा नै बसेको अवस्थामा विपक्षीले हामीहरु उपर यस अदालतमा पेश गरेको फिरादपत्र क्षेत्राधिकार बाहिर हुँदा प्रस्तुत मुद्दा खारेज गरिपाउँ भन्ने संयुक्त प्रतिउत्तर जिकिर रहेको देखियो।

८) प्रतिवादीहरुले क्षेत्राधिकारको विषयमा प्रश्न उठाई प्रतिउत्तर जीकिर गरेकोमा पहिले क्षेत्राधिकारको विषयमा प्रारम्भिक सनुवाई गरी अगाडी बढ्नु पर्नेमा सो नभई मुद्दाको प्रमाण बुझ्ने कार्य अगाडी बढी अन्तिम निर्णयको लागि इजलास समक्ष पेश हुन आएको देखियो। अव प्रतिवादीहरुले प्रतिउत्तर जीकिरमा दावी गरेजस्तो यस अदालतको क्षेत्राधिकार रहेको छ-छैन् भन्ने सम्बन्धमा हेर्दा यी वादीहरुको बाबुको नाउँमा यस जिल्लामा अचल सम्पत्ति रहेकोमा प्रतिवादीहरुले आफ्नो नाउँमा नामसारी गरेका र वादीहरुले आफूहरु हाल यसै जिल्लामा बसोबास गरिआएको भनी फिराद दायर गरेको देखिँदा अरु प्रतिवादीहरु बाग्लुङ जिल्लामा बसेपनि वादीहरुले आफू रहे बसेको जिल्लामा फिराद दायर गर्ने क्षेत्राधिकार नरहेको भन्न मिल्ने देखिएन। साथै, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १८(३) ले पनि **अंश मुद्दा वादी वा प्रतिवादीहरु रहेको जिल्ला मध्ये जुन जिल्ला अदालतमा फिरादपत्र दायर हुन्छ सोही जिल्ला अदालतलाई मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार हुनेछ** भनी स्पष्ट रुपमा कानूनी व्यवस्था गरेको हुँदा प्रतिवादीहरुले उठाएको क्षेत्राधिकारको प्रश्नलाई लिएर प्रस्तुत मुद्दा खारेज गर्नु पर्ने अवस्था देखिँदैन।

९) अब वादीहरु विवाहित रहेको हुँदा अंश दिनुपर्ने होइन भन्ने प्रतिवादीहरुको प्रतिउत्तर जीकिर तर्फ हेर्दा यी वादीहरु प्रतिवादीहरुको आफ्नै नातिनी एवं छोरी नाताका एकापरिवारका सदस्यहरु रहेका हालको अवस्थामा जन्म दिने बाबु र आमा समेतको मृत्यु भएकोले निजहरुको अभिभावकीय दायित्व र जिम्मेवारी समेत यी प्रतिवादीहरुले वहन गर्नु पर्नेमा सो नगरी विना आधार प्रमाण उनीहरुको विवाह भएको भनी अंश हकबाट निजहरुलाई बञ्चित गराउन खोजिएको देखिन्छ। जबकी वादीहरुले हामो विवाह नै भएको छैन भनी फिराद दायर गरेको अवस्थामा समेत के कुन मितिमा कहाँ कोसँग विवाह भएको हो भन्ने कुनै कुरा नै उल्लेख नगरी आफैले अभिभावकीय जिम्मेवारी वहन गर्न पर्ने कर्तव्यका यी प्रतिवादीहरुले हचुवाको भरमा अंश नदिने मनसायबाट कुनै प्रमाण आधार विना नै विवाहित अवस्थाका हुन भनी गरिएको प्रतिउत्तर जीकिरसँग सहमत हुन सकिएन।

१०) त्यस्तै, मिति २०७२।६।१४ भन्दा अगाडी साविकको मुलुकी ऐन, २०२० मा अंश बण्डाको महलको १ नं. मा अंश बण्डा गर्दा यस महलका अन्य नम्बरहरुको अधिनमा रही बाबु, आमा, लोग्ने स्वास्नी छोरा छोरीहरुको जीयजीयैको अंश गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था रही सोही महलको १क नं. मा **यस महलको १ नं. मा जुनसुकै कुरा लेखिएको भएतापनि विवाह गरिसकेकी छोरीको अंशबण्डा गर्नुपर्ने छैन** भन्ने कानूनी व्यवस्था रहेको थियो। यहि कानूनी व्यवस्थाको कारण विवाहित छोरीको हकमा आफ्नो जन्मघरमा अंशमा हकअधिकार स्थापित भएको थिएन तर साविकको मुलुकी ऐन, २०२० को अंशवण्डाको महलको १क नं. को उक्त कानूनी व्यवस्थालाई **लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केहि नेपाल**

**ऐनलाई संशोधन गर्ने ऐन, २०७२** ले खारेज गर्ने गरी मिति २०७२।६।१४ मा साविकको मुलुकी ऐनमा संशोधन भएको हुँदा सो पश्चात विवाहित अवस्थामा रहेका छोरीलाई पनि अब अंश दिने कुरामा कुनै कानूनी अड्चन रहेको भन्ने देखिँदैन। साथै हाल विद्यामान हाम्रो मुलुकी देवानी संहिता,२०७४ को दफा २०५ ले **सगोलको सम्पत्ति अंशबण्डा गर्ने प्रयोजनको लागि यस परिच्छेदको अन्य दफाको अधिनमा रही पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिनेछन्** भनी व्यवस्था गरेको र सो संहिताको परिच्छेद १० को अंशबण्डा सम्बन्धी व्यवस्थाको अन्य दफाहरुले पनि विवाहित छोरीलाई अंशहकबाट बाहेक गरेको नहुँदा यी वादीहरु मिति २०७२।६।१४ पछि विवाहित अवस्थामा नै रहेपनि यी प्रतिवादीहरु उपर अंशहकको मागदावी लिई फिराद दायर गर्न पाउने स्पष्ट हकदैया रहेको देखियो।

११) स्पष्ट रुपमा कानूनबाट नै निषेध गरेको कुरालाई कानूनमा नै संसोधन गरी उक्त निषेधको कानूनी प्रावधानलाई खारेज गरेको अवस्थामा अब पनि उहि पितृसत्तात्मक संकिर्ण सोचलाई बोकेर हाम्रो सामाजिक परिवेश एवं दोहोरो अंशहक भनेर अंशियारलाई उसले पाउने अंशहकको अधिकारबाट बञ्चित गर्न मिल्दैन। हिजोको दिनमा विवाहित छोरीलाई कानूनले नै अंशहकमा बाहेक गरेको कुरालाई आजको दिनमा उक्त कानूनी प्रावधानलाई नै संसोधन गरी सबैलाई अंशहक खुला गरिएपछि पनि छोरामात्र वंश हो भन्ने पितृसत्तात्मक सोचबाट माथी उठन नसकी छोरीलाई अझैपनि वंशको रुपमा स्वीकार गर्न तयार नभएको देखिन्छ।

१२) अंश भनेको वंशले पाउने हो भनेर आफ्नो नाउँमा बण्डा गर्नुपर्ने सम्पत्ति आफूसँग लिएर बसेका कतिपय महिलाहरु नै पनि छोरा मात्रै आफ्नो वंश हो भनि छोरीलाई अंश दिने कुरामा अझै पनि संकुचित बनेर पितृसत्तात्मक सोचलाई नै बोकेर आफैले जन्माएका छोरा र छोरी बीचमा समेत विभेद गरी कानूनले पाउने अंश हक दिनलाई पनि संकीर्ण सोच लिएर बसेको देखिन्छ।

१३) प्रस्तुत मुद्दामा पनि मुल अंशियार नन्नाकली थापाले आफ्नै नातीनीहरु विवाहित अवस्थाका हुन भनी निजहरुको बाबुको नाउँको अचल सम्पत्तिलाई उनीहरुको अंशहक नहुने भनी आफ्नै नाउँमा नामसारी गराएको र वादीका बाबुले अंश लिई अलग भई बसेको भन्ने कुरा स्वयम् प्रतिवादीहरुको प्रतिउत्तर जीकिरबाट समेत पुष्टि नभएको हुँदा वादीहरुले प्रतिवादीहरुबाट आफ्नो अंशभाग छुट्टाई लिन पाउने नै देखियो।

१४) वादीहरुले मुल अंशियार ५ जना रहेको भनी फिराद दायर गरेतापनि वादीहरु स्वयंले मिति २०७६/०८/१७ मा अदालतसमक्ष आई अंशियार खुलेको कागज गर्दा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२३ बमोजिम बुझिएकी माधवी थापा समेत गरी मुख्य अंशियार ६ जना रहेको भनी कागज गरेबाट मुख्य अंशियार बुझिएकी माधवी थापा समेत गरी ६ जना रहेको तथ्यमा विवाद रहेको देखिएन। साथै, वादीहरुले फिराद व्यहोरामा स्व. गंगाबहादुर थापाको अंश पाउने सहायक अंशियारमा वादीहरु सिमा थापा र ज्योती थापा गरी

२ जना रहेको भनी खुलाएतापनि प्रतिवादीहरुले अंशियार संरचना सम्बन्धि मिति २०७६/०८/१७ मा कागज गर्दा मुख्य ६ अंशियारा रही स्व. गंगाबहादुर थापाको अंश पाउने अंशियारहरुमा वादीहरु सिमा थापा र ज्योती थापा मात्र नभई स्व. गंगा बहादुर थापाको जेठी पत्नी तर्फको छोरी कमला थापा समेत रहेको भनी खुलाएको र सोही व्यहोरालाई समर्थन गर्दै मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२३ बमोजिम बुझिएकी कमला थापाले आफू समेत गरी जम्मा ३ जना स्व. गंगा बहादुर थापाको अंश पाउने अंशियार रहेको भनी बयान कागज लेखाएको देखिन्छ। यस अदालतको आदेशानुसार प्राप्त हुन आएको जिल्ला बागलुङ जैमिनी नगरपालिका वडा नं. ९ को वडा कार्यालयको च.नं. १४५, मिति २०७६/०८/१६ को पत्रबाट समेत कमला थापा स्व. गंगा बहादुर थापाको छोरी रहको भन्ने देखिन आएकोले मुख्य अंशियार स्व. गंगाबहादुर थापाको अंश भागबाट अंश पाउने अंशियार सिमा थापा, ज्योति थापा र कमला थापा समेत रहेको भन्ने देखिन आयो।

१५) यसरी वादीले दायर गरेको फिरादपत्र, वादी प्रतिवादीहरुले गरिदिएको अंशियार सम्बन्धि संरचना कागज तथा बुझिएका व्यक्तिहरु समेतका कागज प्रमाणहरुबाट यी वादी प्रतिवादीहरुबिच अंशवण्डा नभएको, नाता सम्बन्धमा विवाद नरहेको तथा सगोलका अंशियाराहरु रहको देखिन आयो। साथै, यस अदालतबाट फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी सो मितिसम्मको वादी प्रतिवादीबाट तायदाती फाँटवारी माग गर्ने भन्ने आदेश अन्तिम भएर रहेको हुँदा सो पेश हुन आएको सम्पत्तिबाट वादीहरुले आफ्नो अंश भाग छुट्याई लिन पाउने नै देखियो।

१६) तसर्थ, माथि विवेचित आधार र कारण समेतबाट वादीहरु सिमा थापा र ज्योती थापा समेतले आफ्नो बाबु स्व. गंगाबहादुर थापाले पाउनुपर्ने अंश भाग मुल अंशियारबाट नलिई बित्नु भएको र प्रतिवादीहरु नन्नाकलि थापा, रुपा थापा, मोहन थापा र कृष्ण थापा मुल अंशियारको हाँगा रहेको हुँदा मुल अंश भाग ५ लगाई त्यसको एक अंश भाग छुट्याई पाउँ भनी फिराद दायर गरेपनि प्रतिवादीहरुले प्रतिउत्तर दायर गर्दा वादीहरु अंशियार रहेको कुरा स्वीकार गरी अंशियार संख्यामा प्रश्न उठाई प्रतिउत्तर गरेकोमा अदालतबाट मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १२३ बमोजिम बुझ्दा माधवी थापा समेत मुल अंशियार रहेको र त्यस्तै कमला थापा वादीहरुसँगै स्व.गंगा बहादुर थापाको छोरी रही अंश भाग लिन बाँकी सहायक अंशियार रहेको देखिँदा वादीको फिराद दावी बमोजिम वादीहरुले अंश पाउने भए पनि मुल अंशियार ६ जना रहेको देखियो। त्यस्तै स्व. गंगाबहादुर थापाको नाममा रहेको जग्गा आमाले दा.खा. नामसारी गरी लगेपनि त्यसमा वादीहरुले अंश फाँटवारी बुझांउदा वण्डा नलाग्ने आफ्नो निजी अंश भागको जग्गा रहेको भनी दावी लिएको नदेखिदां प्रतिवादीबाट पेश हुन आएको अंश फाँटवारीमा पेश भएका सबै जग्गाका कित्ताहरु सगोलको सम्पत्ति नै रहेको देखिदां वादीको

फिराद माग बमोजिम अंश फाँटवारीमा पेश हुन आएका जग्गा कित्ताहरु कि. नं. २७६, ३२८, ९४७, ३५८, ८९०, ८९४,८९८ र ६१६ को जग्गालाई मुल ६ (छ) अंश भाग लगाई वादीको बाबु स्व. गंगाबहादुर थापाको एक अंश भाग छुट्टाई त्यसलाई पुनः तीन अंश भाग लगाई वादीहरुले त्यसको २ (दुई) अंश भाग छुट्याई लिन पाउने ठहर्छ। प्रतिवादीहरुले पेश गरेको ऋणको सम्बन्धमा यी वादीहरुले भोग गरेको र यिनीहरुको लागि समेत खर्च भएको भन्ने स्पष्ट नभएको, गंगाबहादुरको मृत्यु पछि निजको नाउँको जग्गा नन्नाकलीले दा.खा. नामसारी गर्दा यी छोरीहरु आफूसंग रहेको भन्ने नदेखाई नामसारी गरेको र यी वादीले पनि ऋणको उपभोग गरेको भन्ने नदेखिदां प्रतिवादीले देखाएको ऋणको हकमा वादीलाई वण्डा नलाग्ने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा देवानी कार्यविधी संहिता, २०७४ को दफा १९७ बमोजिम फैसला गरिदिएको छ।

## तपसील

माथि ठहर खण्डमा लेखिए बमोजिम वादीहरुले तायदाती फाँटवारीमा उल्लेखित देहाय बमोजिमको जग्गा कित्ताहरुको मुल ६ अंश भाग लगाई सो को १ छुट्टाई त्यस भागलाई पुनः ३ भाग लगाई सोको २ अंश भाग वादीहरुले छुट्ट्याई लिन पाउने ठहरी फैसला भएकोले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४२ बमोजिम फैसला कार्यान्वयनको प्रयोजनका लागि वादीहरु तथा प्रतिवादीहरुलाई सोही ऐनको दफा २३५ बमोजिम तहसिल शाखामा हाजिर हुन जानू भनी तारिख तोकी कानून बमोजिम लाग्ने दस्तुर लिई देहायका सम्पतिबाट वादीलाई बण्डा छुट्टाइदिनु भनी तहसिल शाखालाई लगत दिनू--------------------------------------------------------------------१

## देहाय

**प्रतिवादी नन्नाकली थापाका नाउँमा दर्ता रहेका जग्गाः-**

| जिल्ला | गा.वि.स./न.पा | वडा नं. | कि.नं. | क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|
| बाग्लुङ्ग | पैयु थन्थाप | २ | २७६ | १-९-०-३ | |
| बाग्लुङ्ग | पैयु थन्थाप | २ | ३२८ | २-१०-०-३ | |
| बाग्लुङ्ग | पैयु थन्थाप | २ | ९४७ | ३-४-१-२ | |
| बाग्लुङ्ग | पैयु थन्थाप | २ | ३५८ | ३-३-३-० | |
| बाग्लुङ्ग | पैयु थन्थाप | २ | ८९० | १-६-२-१ | |
| बाग्लुङ्ग | पैयु थन्थाप | २ | ८९४ | ३-२-३-२ | |
| बाग्लुङ्ग | पैयु थन्थाप | २ | ८९८ | ०-९-१-३ | |
| नवलपरासी | सिसवार | ७ ख | ६१६ | ०-१-० | |

वादीले फिराद दायर गर्दा राखेको अदालती शुल्क रू.१,०००/- र नपुग अदालती शुल्क रू.१,४६६/- समेत गरी जम्मा रु. २,४६६।- वादीहरुले प्रतिवादीबाट भराई लिन पाउने भएकोले प्रस्तुत मुद्दा अन्तिम भएपश्चात कानूनको म्यादभित्र प्रतिवादीबाट भराई पाउँ भनी प्रतिवादीको यसै सरहदको सम्पत्ति देखाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८३ बमोजिम वादीको दरखास्त पर्न आए कुनै दस्तुर नलिई प्रतिवादीहरुबाट वादीहरुलाई भराई दिनू---------------------२

प्रस्तुत फैसलामा चित्त नबुझे वादीहरु तथा प्रतिवादीहरुलाई ३० दिन भित्र पुनरावेदन गर्न उच्च अदालत पोखरा जानु भनी पुनरावेदनको म्याद दिनू------------------------------------------------३

सरोकारवालाले फैसलाको नक्कल माग्न आए लाग्ने दस्तूर लिई नक्कल दिनू--------------------४

प्रस्तुत फैसलाको विद्युतीय प्रति सर्वोच्च अदालतको सर्भरमा अपलोड गरिदिनू----------------------५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा वुझाइदिनू---------६

**जिल्ला न्यायाधीश**

फैसला तयार गर्न सहयोग गर्नेः

क.अ. फिरोज मियाँ

**विक्रम संवत् २०७९ साल भाद्र महिना २७ गते रोज २ शुभम्---------------------------------।**

**फैसला प्रमाणिकरण मिति-२०७९।०८।०६।३**